धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

## आ. व. २०७७/७८ को चौथो त्रैमासिक प्रतिवेदन

# UPPER TAMAKOSHI HYDROPOWER LTD

Gyaneshwor, Kathmandu

## UNAUDITED 4th QUARTER STATEMENT OF FINANCIAL POSITION AS AT

१. **वित्तीय विवरण**

क. संक्षिप्त वासलात र नाफा वा नोक्सान सम्बन्धी वित्तीय विवरण

*Amount in NPR*

| Particulars | This Quarter Ending on 31 Ashad 2078 (Unaudited) | Previous Quarter Ending on 31 Chaitra 2077 (Unaudited) | Corresponding Previous Year Ending on 31 Ashad 2077 |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets:** | | | |
| Property, plant and equipment | 6,319,004.30 | 6,030,272.80 | 7,077,343.85 |
| Capital WIP- UTKHEP | 85,280,934,618.53 | 83,219,332,872.84 | 76,074,779,466.10 |
| Capital WIP- Rolwaling | 290,125,892.66 | 233,953,106.24 | 213,424,282.50 |
| Deferred tax Assets | - | - | - |
| **Total Non-Current Assets** | **85,577,379,515.49** | **83,459,316,251.88** | **76,295,281,092.45** |
| **Current Assets:** | | | |
| Inventories | 9,159,050.06 | 10,630,515.76 | 4,696,910.16 |
| Cash and cash equivalents | 585,192,999.61 | 47,210,728.27 | 423,357,448.40 |
| Other current assets | 1,364,746,148.95 | 1,371,239,962.80 | 1,576,198,996.29 |
| **Total Current Assets** | **1,959,098,198.62** | **1,429,081,206.83** | **2,004,253,354.85** |
| **Total assets** | **87,536,477,714.11** | **84,888,397,458.71** | **78,299,534,447.30** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity:** | | | |
| Equity share capital | 10,590,000,000.00 | 10,590,000,000.00 | 10,590,000,000.00 |
| Retained Earnings | (832,302,282.63) | (825,622,258.42) | (790,593,582.13) |
| **Total Equity** | **9,757,697,717.37** | **9,764,377,741.58** | **9,799,406,417.87** |
| **Non-Current Liabilities:** | | | |
| Long Term Loans | 40,583,098,123.12 | 40,583,098,123.12 | 34,500,000,000.00 |
| Provisions | 19,842,578.42 | 16,071,880.63 | 26,661,252.15 |
| Deferred tax liabilities | - | - | - |
| Interest on Long term loan | 30,243,564,366.11 | 29,739,258,929.50 | 24,674,656,326.92 |
| Other non-current liabilities | 1,025,492,662.76 | 1,018,449,873.26 | 986,297,777.23 |
| **Total Non-Current Liabilities** | **71,871,997,730.41** | **71,356,878,806.51** | **60,187,615,356.30** |
| **Current Liabilities:** | | | |
| Short Term Loans | 3,800,000,000.00 | 2,550,000,000.00 | 6,000,000,000.00 |
| Other Current Liabilities | 2,106,782,266.33 | 1,217,140,910.62 | 2,312,512,673.13 |
| **Total Current Liabilities** | **5,906,782,266.33** | **3,767,140,910.62** | **8,312,512,673.13** |
| **Total Equity and Liabilities** | **87,536,477,714.11** | **84,888,397,458.71** | **78,299,534,447.30** |

## UNAUDITED 4th QUARTER STATEMENT OF PROFIT OR LOSS

*Amount in NPR*

| Particulars | This Quarter Ending on 31 Ashad 2078 (Unaudited) | Previous Quarter Ending on 31 Chaitra 2077 (Unaudited) | Corresponding Previous Year Ending on 31 Ashad 2077 |
|---|---|---|---|
| **Revenue** | - | - | - |
| **Generation Expenses** | - | - | - |
| **Gross profit** | - | - | - |
| Depreciation | (1,505,853.01) | (1,047,071.04) | (2,872,975.62) |
| Other income | 116,000.00 | 130,009.07 | 1,495,766.53 |
| Foreign Exchange Gain/(Loss) | 9,413,258.42 | 5,573,573.01 | (90,780,466.83) |
| Administrative and other operating expenses | (49,545,925.90) | (39,685,187.35) | (61,698,456.69) |
| **Profit/(Loss) from Operation** | **(41,522,520.50)** | **(35,028,676.31)** | **(153,856,132.61)** |
| Finance Income | | | |
| Finance Costs | (129,680.00) | - | (207,622.00) |
| **Profit/(Loss) Before Bonus and Tax** | **(41,652,200.50)** | **(35,028,676.31)** | **(154,063,754.61)** |
| **Income Tax Expense** | | | |
| Current tax | - | - | - |
| Deferred tax income/(expense) | - | - | - |
| **Net Profit for the year** | **(41,652,200.50)** | **(35,028,676.31)** | **(154,063,754.61)** |

**सम्बन्धित पक्षसंग भएको कारोवार**: आ. व. २०७७/७८ को चौथो त्रैमासिकसम्ममा नेपाल विद्युत प्राधिकरण मार्फत नेपाल सरकारको रु. १३ अर्व दीर्घकालिन ऋण प्राप्त भएको छ। कम्पनीका संस्थापक शेयरधनीहरू श्री नेपाल टेलिकम, श्री नागरिक लगानी कोष तथा श्री राष्ट्रिय वीमा संस्थानबाट प्राप्त भएको दीर्घकालिन ऋण चौथो त्रैमासिकसम्ममा रु.१४ अर्व रहेको छ। साथै नेपाल विद्युत प्राधिकरणबाट प्राप्त भएको अल्पकालिन ऋण चौथो त्रैमासिकसम्ममा रु.२ अर्व रहेको छ।

क). **प्रमुख वित्तीय सूचकहरू**

| क्र.स. | विवरण | यस त्रैमासिकको अन्त्यसम्ममा | अघिल्लो त्रैमासिकको अन्त्यसम्ममा |
|---|---|---|---|
| १ | प्राति शेयर आम्दानी (रु) | (०.३९) | (०.३३) |
| २ | प्रति शेयर नेटवर्थ (रु) | ९२.१४ | ९२.२० |
| ३ | प्रति शेयर सम्पत्तीको मूल्य (रु) | ८२६.६० | ८०१.५९ |
| ४ | तरलता अनुपात | ०.३३ | ०.३८ |

२. **व्यवस्थापकीय विश्लेषण**

यस कम्पनी अन्तर्गत निर्माणाधिन बहुप्रतिक्षित राष्ट्रिय गौरवको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको निर्माणकार्य सम्पन्न भई मिति २०७८ आषाढ, २१ गते, सोमबार (05 July, 2021) का दिन तत्कालिन सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा वलीज्यूबाट विजुली उत्पादन र राष्ट्रिय प्रसारण ग्रीड प्रणाली (INPS) मा प्रेषण कार्यको शुभारम्भ गर्दै समुद्घाटन भएको। आयोजनामा जडित ७६/७६ मेगावाट क्षमताका ६ वटा यूनिटहरू मध्ये मिति २०७८/०४/२८ सम्म चारवटा यूनिटबाट विद्युत उत्पादन शुरु भइ पाँचौ यूनिटबाट परिक्षण उत्पादन शुरु भइसकेकोले भदौ महिनाभित्र सम्पूर्ण ६ वटै यूनिटबाट विद्युतको व्यापारिक उत्पादन शुरु गर्ने लक्ष्यकासाथ अन्तिम चरणका कामहरू भईरहेको छ। २०७२ सालको भुकम्प, लट-२ ठेकेदारको जिम्मेवारीमा रहेको हाइड्रोमेकानिकल काममा भएको ढिलासुस्ति, कोभिड-१९ महामारी लगायत विविध कारणहरूले गर्दा आयोजना निर्माण सम्पन्न गर्ने समय बढ्न जाँदा मुख्य रुपमा निर्माण अवधीको व्याज, नेपाली मुद्राको सटही दरको अवमूल्यनले गर्दा थप व्ययभार भएको र अन्य निर्माण तथा प्रशासनिक खर्चहरूसमेत बढ्न गएकोले समग्र आयोजनाको लागत वृद्धि भएको तर लागतमा भएको वृद्धिको तुलनामा विद्युत विक्री आम्दानी बढ्ने अवस्था नरहेकोले कम्पनीको अपेक्षित नाफा तथा नगद प्रवाहमा केहि प्रभाव पर्न गएता पनि २०७७ श्रावण ०१ देखि लागु हुने गरी नेपाल विद्युत प्राधिकरणमार्फत नेपाल सरकारबाट लगानी भएको दीर्घकालिन ऋणको व्याजदर घटाइएकोले कम्पनीको नाफा तथा नगद प्रवाहमा केहि सकारात्मक प्रभाव पर्न जाने देखिन्छ ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

क. त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए।

- यस त्रैमासिकमा संस्था विरुद्द रामेछाप जिल्लामा निर्माण भएको न्यू खिम्ति सवस्टेसनको जग्गाको पूनः स्थापना प्याकेज सम्बन्धमा मुद्दा दायर भएको।

ख. संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

ग. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए।

- यस सम्बन्धमा जानकारी प्राप्त नभएको।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

कम्पनी व्यवस्थापनबाट शेयरको मूल्यमा असाधारण प्रभाव पर्ने किसिमको कुनै पनि प्रकारको गतिविधिहरू भएको छैन। तर, हालसम्म आयोजनाको ४ वटा यूनिटबाट विद्युतको व्यापरिक उत्पादन र पाँचौ यूनिटबाट परिक्षण उत्पादन शुरु भइसकेको र भदौ महिनाभित्र सम्पूर्ण ६ वटै यूनिटहरूबाट विद्युतको व्यापारिक उत्पादन शुरु हुने अवस्था रहेकोले कम्पनीको हालको वित्तीय सूचकहरूमा खासै उतारचढाव नभएता पनि शेयर खरिद विक्रीको online माध्यमको शुरुवातका साथै थप लगानीकर्ता तथा शेयर बजारको गतिविधिका कारण यस कम्पनीको शेयर मुल्यमा पनि निरन्तर उतारचढाव भएको देखिन्छ।

नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार आ. व. २०७७/७८ को चौथो त्रैमासिक अवधीमा शेयर सम्बन्धि कारोवारको विवरण देहाय बमोजिम रहेको छ।

| शेयरको अधिकतम मुल्य(रु.) | शेयरको न्यूनतम मुल्य (रु.) | शेयरको अन्तिम मुल्य (रु.) | कारोवार भएको कूल दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| ९२६ | ६६० | ७०४ | ६५ | १,०६,४५८ |

५. **समस्या र चुनौती**

मिति २०७८/०४/२८ देखि पाँचौ यूनिटबाट परिक्षण उत्पादन शुरु भइसकेकोले आयोजनासँग सम्बन्धित अप्रत्याशित जटिलता वाहेक अन्य चुनौति नरहेको। सम्पूर्ण जटिल परिक्षणहरू सफलताकासाथ सम्पन्न भइसकेको स्थितिमा भदौ भित्र सम्पूर्ण ६ वटै यूनिटबाट व्यापारिक उत्पादन शुरु हुने अपेक्षा रहेको छ।

६. **संस्थागत सुशासन**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली तथा कर्मचारी व्यवस्थापनको लागि कर्मचारी प्रशासन विनियमावली लगायतका विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत गराई लागु गरिएका छन्। कम्पनी ऐन बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ। हरेक वर्ष लेखापरीक्षक संस्थाहरूद्बारा आन्तरिक लेखापरीक्षण तथा महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श अनुसार साधारण सभाबाट लेखापरीक्षक नियुक्त गरी अन्तिम लेखापरीक्षण गराई वार्षिक साधारण सभा गराउने गरिएकोमा गत आ.व. २०७६/७७ मा Covid–19 को प्रभावको कारण साधारण सभा गर्न बाँकी भएकोले यस वर्ष सो समेत २ वर्षको साधारण सभा एकैसाथ गर्ने लक्ष्य रहेको छ। साथै आवश्यकता अनुसार स्वतन्त्र विज्ञहरू सम्मिलित उप समितिहरू गठन गरी सोको प्रतिवेदन तथा सिफारिस अनुरुप कार्यहरू अगाडि बढाइएको छ।

७. **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

यस प्रतिवेदनमा प्रस्तुत वित्तीय विवरणहरू कम्पनीद्वारा राखिएको लेखा अनुसार तयार गरिएको छ। मेरो जानकारीमा भए अनुसार यस विवरणमा उल्लिखित सम्पूर्ण विवरणहरू तथ्यको आधारमा तयार गरिएकोले सत्य, तथ्यपूर्ण रहेको र लगानीकर्ताहरूलाई सूसूचित गर्दै निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।